**Best Start Kindergarten Assessment**
**Information for parents and carers**

# बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कन
## संरक्षकहरु र आमाबुबाहरुको लागि जानकारी

आदरणिय संरक्षकहरु र आमाबुबाहरु,

हाम्रो विद्यालयमा बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कन  शत्र 1, मा हुनेछ।

बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कन क्षेत्रिय मूल्यांङ्कन हो जसले शिक्षकहरुलाई साक्षरता र संख्याको दक्षता हरेक किण्डरगार्टेनको शुरुमा देखाउन सहयोग गर्दछ। यसले शिक्षकहरुलाई हरेक बालबालिकाहरुको अध्ययनमा उत्तम टेवा पुर्याउनकोलागि पाठहरुको योजना गर्न मद्दत गर्दछ।

बालबालिकाहरु विद्यालयमा बृहत अनुभवहरु, दक्षताहरु र क्षमताहरुका साथ आऊँदछन्। कोहि पुस्तक संग परिचित हुन्छन्, अक्षरहरु चिन्दछन् अथवा उनिहरुका नाम समेत लेख्दछन् वा दश सम्म गन्न सक्दछन्, कोहिले भने ति दक्षताहरु सिकेका हुँदैनन्।

बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कनले शिक्षकहरुलाई बालबालिकाहरु संग एक एक गरेर बसेर कुन बालकले के गर्न सक्दछ भनेर ध्यान दिन सक्दछ।

मूल्यांङकन परिक्षा त हैन तर यसले शिक्षकहरुलाई बालबालिकाहरुको विद्यालयमा अध्ययन गर्ने सहयोग को बारेमा महत्वपूर्ण जानकारीहरु हासिल गर्न मद्दत गर्दछ।

संलग्न जानकारी पर्चाले बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कनको बारेमा थप जानकारी उपलब्ध गराउँदछ।

यदि तपाई संग बेष्ट स्टार्ट किण्डरगार्टेन मूल्यांङ्कनको बारेमा कुनै प्रश्न भएमा कृपया विद्यालयमा सम्पर्क गर्नुहोला।

## टेलिफोन दोभाषे सेवा

यदि तपाईलाई विद्यालयमा सम्पर्क गर्न दोभाषेको आवश्यक परेमा, कृपया टेलिफोन दोभाषे सेवा (Telephone Interpreter Service) लाई 131 450 मा सम्पर्क गरेर तपाईको भाषाको दोभाषेको लागि भन्नुहोला। दोभाषेले विद्यालयमा फोन गर्नेछ र तपाईको कुराकानीमा मद्दत गर्न लाईनमा रहिरहनेछ। तपाईलाई यस सेवाको लागि पैसा लाग्नेछैन।

प्रधानाध्यापक